# सिपाही

पाक्षिक

रक्षा सम्मान कल्याण आफ्नो देश नेपालको
सर्वप्रथम सदा जान धर्म कर्म सिपाहीको
सुविस्ता मान हेरचाह गर्न पर्छ विशेषतः
अधीनस्थ रही बस्ने साराका सुख खातिर
रक्षा आनन्द आराम आफ्नो निम्ति सधैंपछि
यही सेना महामन्त्र यही सत्य सधैँ भरी

बर्ष : ३ | अङ्क : २१ | १५ असार २०६५

## प्रधान सेनापतिबाट श्री ईन्द्रबक्स गणको निरीक्षण

गत जेठ २४ गते। प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवालले मकवानपुरको सुनाचुरीमा तैनाथ रहेको श्री ईन्द्रबक्स गणको निरीक्षण गर्नुभई सकलदर्जालाई सम्बोधन गर्नु भयो।



प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवाल सैनिक श्रीमती संघद्वारा हेटौंडामा सञ्चालन गरिएको ब्युटीसियन तालिमका शिक्षार्थीहरुलाई प्रमाण-पत्र प्रदान गर्नुहुँदै।

सम्बोधनका क्रममा उहाँले वर्तमान अवस्थामा नेपाली सेनाले निर्वाह गर्नु पर्ने भूमिकाको बारेमा प्रकाश पार्नुहुँदै विभिन्न पेशागत निर्देशनसमेत दिनु भएको थियो। सम्बोधन पश्चात प्रधान सेनापति श्री कटवालले उक्त गण अन्तर्गतका गुल्मका जवान लाईन तथा भान्छाहरुको निरीक्षणसमेत गर्नु भएको थियो।

यसैगरी उहाँले सोहीदिन साँझ श्री ईन्द्रबक्स गणले तयार पारेको विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम **'ईन्द्रसाँझ'** तथा गणको विविध पक्षहरु समेटिएको वृत्तचित्रलगायत सो गणको गण गानमा आधारित नृत्य विशेष अभिरुचिपूर्वक हेर्नु भएको थियो।

साथै उहाँले उक्त गणमा संचालन भएको अन्तरगुल्म प्रतियोगितामा उत्कृष्ट नतिजा हाँसिल गर्ने **'ग'** गुल्मका गुल्मपतिलाई **'च्याम्पियन ट्रफी तथा झण्डा'** प्रदान गर्नुकोसाथै विभिन्न विधामा सहयोग गर्नुहुने महानुभावहरुलाई गणको मोमेण्टोसमेत प्रदान गर्नु भएको थियो।

यसैगरी उहाँले नेपाली सेनाका परिवारहरुलाई लक्षित गरी हेटौंडा जेसिजको सहयोगमा सैनिक श्रीमती संघ (नेपाली सेना) ले संचालन गरेको **'व्यूटीसियन तालिम'** का शिक्षक तथा शिक्षार्थीहरुलाई प्रमाण-पत्र एवं कदर-पत्रसमेत वितरण गर्नुभएको थियो।

कार्यक्रममा मध्य पृतनापति उपरथी श्री तोरण जंग बहादुर सिंह, श्री नं. ७ बाहिनीपति सहायक रथी श्री राजेन्द्र विक्रम शाहलागायत विभिन्न गण, गुल्म, कारखाना र प्लाण्टका प्रमुखहरूकोसमेत उपस्थिति रहेको थियो।

## बलाधिकृत रथी श्री अमर पन्तबाट रेन्जर ट्याव प्रदान

यही असार १ गते। बलाधिकृत रथी श्री अमर पन्तले श्री महावीर गण (रेन्जर)मा संचालन भएको सि.सं. ७ रेञ्जर आधार तालिमको एक कार्यक्रमकाबीच समापन गर्नुभई सफलतापूर्वक तालिम सम्पन्न गर्ने शिक्षार्थीहरुलाई रेन्जर ट्याब प्रदान गर्नुभयो।



बलाधिकृत रथी श्री अमर पन्त रेञ्जर आधार तालिमका शिक्षार्थीहरूलाई रेञ्जर ट्याव प्रदान गर्नुहुँदै।

सो क्रममा बलाधिकृत रथी श्री पन्तले शिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुदैं सो गणको विशिष्ट भूमिका तथा परिआएको बेलामा उदाहरणीयरुपमा एकताबद्धभई राज्यले दिएको जिम्मेवारी बहन गर्न सक्ने खुबी रहेकोमा उक्त गणप्रति खुशी व्यक्त गर्नु भएको थियो।

श्री महावीर गण (रेञ्जर)को तालिम शिविर नगरकोटमा करीब १९ हप्ता सञ्चालन भएको उक्त तालिममा अधिकृत तथा अन्यदर्जा गरी ६४ जना शिक्षार्थीहरु सम्मिलिति थिए।

स्मरणण रहोस, तालिममा सहभागी हुनको लागि करिब एक महिनाको कमाण्डो तालिम सफलतापूर्वक पूरा गरेको हुनु पर्दछ, सो मध्येबाट पनि करीब ५० प्रतिशतले मात्र उक्त रेन्जर तालिममा सफलता प्राप्त गरेका थिए।

## विश्व शान्तिमा नेपाली सेनाको योगदानको ५० वर्ष

*स्वदेश तथा विदेशमासमेत विभिन्न कार्यक्रमको आयोजना गरी स्वर्ण महोत्सव मनाइदै !*

नेपालले संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापनार्थ विश्वका विभिन्न द्वन्दग्रस्त मुलुकहरुमा खट्टिई विशिष्टि योगदान पुऱ्याएको ५० वर्ष पुगेको छ। यसै अवसरमा स्वदेश तथा विदेशमा कार्यरत नेपाली सेनाका विभिन्न युनिटहरुले विविध कार्यक्रमहरु आयोजना गरी **स्वर्ण महोत्सव** भव्यताकासाथ मनाएका समाचारहरु प्राप्त भएका छन्।

यसैक्रममा हाल हाईटी र लाईवेरियामा कार्यरत नेपाली शान्ति सैनिकहरुले विभिन्न कार्यक्रमहरु आयोजना गरेका छन्। गत जेठ ३० गते स्वर्ण महोत्सवको उपलक्ष्यमा हाईटीमा तैनाथ रहेको श्री शिवदल गणले एक जलपान कार्यक्रमको आयोजना गरी विभिन्न ब्यक्तित्वहरुलाई सो गणका गणपति प्रमुख सेनानी श्री बाबुराम श्रेष्ठले उपहार प्रदान गर्नुभएको थियो। उक्त कार्यक्रममा पोर्ट अफ प्रिन्सको ३ वटा नगरपालिकाका प्रमुखहरु तथा MINUSTAH फोर्स हे.क्वा.का उच्च पदस्थ अधिकारीहरको समेत सहभागिता रहेको थियो।

यसैगरी स्वर्ण महोत्सवकै उपलक्ष्यमा हाईटीस्थित MINUSTAH Force हे.क्वा.को Cafeteria मा कन्टिन्जेन्ट कमाण्डर महा सेनानी श्री भरत मल्लले Reception को आयोजना गर्नुभएको थियो। सो अवसरमा संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि (SRSG),



स्वर्ण महोत्सव मनाउने क्रममा नेपाली सेनाले आयोजना गरेको जलपान समारोहमा सहभागी अतिथिहरू

Deputy Force commander लगायत MINUSTAH हे.क्वा.का उच्च पदस्थ सैनिक, प्रहरी र गैर-सैनिक कर्मचारीहरुकोसमेत सहभागीता रहेको थियो।

यसैगरी, लाईवेरियास्थित UNMIL मिशनका कन्टिण्जेन्ट कमाण्डर सेनानी श्री किरण के.सी.ले पनि Recption को आयोजना गर्नुभएको थियो। उक्त कार्यक्रममा सो मिशनका फोर्स कमाण्डर, सम्पूर्ण Branch का प्रमुखहरु, अन्य एजेन्सीका पदाधिकारहिरु, तथा मिशनमा रहेका नेपाली पर्यवेक्षक (MILOBS), नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृत र उक्त मिशनमा कार्यरत र हेका अन्य नेपालीहरुकोसमेत उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा नेपालले विश्व शान्तिको लागि पुऱ्याएको योगदानकोबारे विशेष कार्यक्रम प्रस्तुत गरिएको थियो। उक्त अवसरमा सो मिशनका फोर्स कमाण्डरले विश्व शान्तिको लागि नेपाल र नेपाली सेनाको योगदानको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्नुभएको थियो।

यसैबीच, स्वर्ण महोत्सवकै अवसर पारेर कंगोस्थित मोनुक मिशनमा कार्यरत नेपाली सेनाले त्यहांस्थित महागी जेलमा रहेका कैदीहरुलाई खाना वितरण गर्नुकासाथै स्थानीय विद्यालयका बिद्यार्थीहरुलाई स्टेशनरी सामाग्रीहरु तथा भलिवल प्रतियोगिता आयोजना गरी ट्रफी वितरण गरेको थियो।

साथै सोही मिशनमा कार्यरत नेपाली सेनाले ईतुरी बाहिनी वुनियामा कार्यरत विभिन्न मित्रराष्ट्रहरुका शान्ति सैनिक गैरसैनिक तथा यु.एन एजेन्सीका प्रतिनिधिहरु र प्रजातान्त्रिक गणतन्त्र कङ्गोका स्थानीय प्रशासन, सैनिक र प्रहरी प्रमुखहरुलाई आमन्त्रण गरी रात्री भोजको कार्यक्रम सम्पन्न गरेको थियो।

सो अवसरमा कन्टिन्जेन्ट कमाण्डरद्वारा दिइएको स्वागत मन्तव्यमा नेपाली सेनाले शान्ति स्थापनार्थ विभिन्न मिशनमा पुऱ्याएको योगदानको बारेमा प्रकास परिएको थियो

### यसै सन्दर्भमा स्वदेशमा आयोजना गरिएका कार्यक्रमहरु

विश्व शान्ति स्थापना कार्यमा संयुक्त राष्ट्र संघसंगको सहकार्यमा नेपाल र नेपाली सेनाको सहभागिताको ५० औं बर्ष पुगेको स्वर्ण महोत्सवको उपलक्ष्यमा श्री मध्य पृतनाले गत जेठ ३० गते एक जलपान कार्यक्रम आयोजना गरेको छ। सो कार्यक्रमका प्रमुख अतिथि सो पृतनाका पृतनापति उपरथी श्री तोरणजंग बहादुर सिंहले प्रधानमन्त्री एवं रक्षामन्त्री श्री गिरिजाप्रसाद कोईरालाद्वारा नेपाली सेनालाई दिनु भएको शुभकामना सन्देश र संयुक्त राष्ट्रसंघका महासचिव वान कि मुनद्वारा स्वर्ण महोत्सवको उपलक्ष्यमा पठाइएको सन्देश वाचन गरी सुनाउनु भएको थियो।

उक्त कार्यक्रममा श्री कालीबहादुर गणले सैनिक ड्रिल तथा प्रहसनको प्रस्तुति गर्नुकासाथै **'संयुक्त राष्ट्रसंघमा नेपाली सेनाको सहभागिता'** विषयक वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो। सो कार्यक्रममा श्री मकवानपुर बहुमुखी क्यापसमा विगत २८ बर्षदेखि हालसम्म अध्यापन गराईरहनु भएका तथा विगत २० बर्ष देखि क्याम्पस प्रमुखकोरुपमा सेवा गरिरहनु भएका श्री बद्रीनाथ शर्माले पनि मन्तव्य दिनुभएको थियो। शान्तिका प्रतिक परेवा उडाई समापन गरिएको उक्त कार्यक्रममा पृतनापति उपरथी श्री सिंहले पनि आफ्नो विचार राख्नु भएको थियो।

उक्त जलपान कार्यक्रममा पुनरावेदन अदालतका माननीय न्यायधीश, मध्यमाञ्चलका निमित्त क्षेत्रीय प्रशासक, पृतनाका चिफ अफ स्टाफ, सो जिल्लाको सशस्त्र प्रहरी प्रमुखकासाथै पत्रकारहरु एवं पृतनाका सकलदर्जाकोसमेत उपस्थिति रहेको थियो।

सम्पादक : प्रा. सेनानी केशव बर्तौला, सह-सम्पादक : उ.से. निरोज भण्डारी
प्रकाशक: श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,
फोन: ४२४१७३१,
मुद्रक : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, छापाखाना शाखा ।
१५ असार २०६५/29th June 2008.

## शाश्वत वाणी

*तिमी अरु मानिस जस्तै हौ, तिमीलाई डर र पीडा भएझैं अरुलाई पनि हुन्छ, त्यसैले अरुलाई कष्ट हुने काम नगर ।* - गौतम बुद्ध

*इमान बेच्नु हुन्न, काम ठग्नु हुँदैन, सत्यता र सच्चरित्रलाई अंगाल्नुपर्छ, संयमी बनेर समयको वेगलाई समात्नुपर्छ ।* स्वेटमार्डन

सम्पादकीय........

## सत्कर्म

*भनिन्छ, सत्कर्मको फल मिठो हुन्छ । सत्को अर्थ हुन्छ, कुनै पनि समय र परिस्थितिमा परिवर्तन नहुने, सर्वकालिक रहने । अर्को अर्थमा श्रेष्ठ अर्थात् उत्तम पनि हो । उत्तम कर्महरू सबैकालमा प्रशंसनीय रहन्छन् । नेपाली सेनाको कर्म पनि ठीक त्यस्तै छन्, सदा प्रशसंनीय ! जनताद्वारा जनताकै सेवाका निम्ति संगठित गरिएकाले जनहित र राष्ट्रिय अखण्डताका लागि जीऊज्यान अर्पण गर्ने नेपाली सेनाको उज्ज्वलमय परम्परा रही आएको छ । देश भित्र राष्ट्रिय हित प्रवर्द्धनमा निर्वाह गरिरहेको भूमिकाका निम्ति जसरी राष्ट्रवासीको विश्वास, सम्मान र आस्था आर्जन गरेको छ त्यसरी नै अन्तर्राष्ट्रिय क्षेत्रमासमेत मातृभूमिको प्रसिद्धि बढाएर राष्ट्रिय सेना हुनुको चरित्र प्रदर्शन गरेको छ ।*

*नेपाली सेना सेरेमोनियल सेना होईन, अत्यन्त कर्मठ, पेशेवर तथा व्यवसायिक सेना हो । त्यसैगरी, हाम्रा बहादुर पूर्वज मातृभूमिका सपुतहरूले कायम गरेका अनुशासन, ईमान्दारी र निष्ठाका निम्ति नेपाली सेना विश्व प्रसिद्ध रहेको छ । हामीले स्थापित गरेका मूल्य र मान्यताहरू सबै सैन्य संगठनका निम्ति अनुकरणीय छन् भनेर अन्तर्राष्ट्रिय जगतमा चर्चा परिचर्चा हुनु हाम्रा लागि सुखद् पक्ष हुन् । यी परिणामहरू प्रत्येक सैनिकले आफु, आफ्नो संस्था र राष्ट्र सम्झेर गरेका सत्कर्मका प्रतिफल हुन् ।*

*हरेक विषय र परिणामको पूर्वानुमान गर्न सकिन्छ । बुद्धिमान् मानिसहरू परिणामको आँकलन गरेर मात्र पाईला चाल्छन् । परिणाम कस्तो निस्कने भन्ने कुरा के गरें, के गरिरहेछु र के गर्ने हो भन्ने विषयमा निर्भर रहन्छ । मकैको वीज रोपियो भने मकै नै फल्छ, चोरियो भने जेल परिन्छ, परिणामको पूर्वानुमान भएन र ? त्यसैले स्थापनाकालदेखि आजपर्यन्त राष्ट्र सेवामा गरिरहेका भगिरथ सत्प्रर्यत्नको प्रतिफलस्वरूप हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा असल सेनाको रूपमा ख्याति कमाएका हौं । जसरी आफ्नो युनिटका उज्ज्वल परम्परा र गौरव गर्न लायकका गाथाहरू (Regimental Pride) ले प्रतिकुल अवस्थाका युद्ध मोर्चाहरूमा त्यस्तै राम्रा ओजस्वी कर्मका निम्ति आत्मबल दिईरहेका हुन्छन् त्यसरी नै समग्रमा सिंगो संगठनले स्थापित गरेका यशश्वी कृतिहरूले कठीन घडीमा पनि अविचलित नहुन अभिप्रेरित गरिरहेका हुन्छन् । यस्तो यश कमाउन र बनाउन सयौं वर्षको अनवरत प्रयासको आवश्यकता पर्दछ । भनिन्छ, इतिहास एकैछिनमा बन्दैन । आजका असल संस्कारहरू परम्परामा परिवर्तन भएर सँस्कृति बन्न एउटा सिङ्गो कालखण्ड चाहिन्छ । त्यही सिङ्गो कालखण्डहरूको निर्माणमा नेपाली सेनाले रगत, पसिना बगाएर राष्ट्रिय स्वार्थकानिम्ति उज्ज्वलमय परम्परा र गौरवमय इतिहास बनाएको छ । जस्तोसुकै परिस्थितिमा पनि एक ढिक्का रहने, आफ्ना निष्ठाकानिम्ति आवश्यक परे प्राणोत्सर्ग गर्ने, सत्कर्मबाट कहिल्यै विचलित नहुने, सदा विशुद्ध गैरराजनैतिक संगठनको रूपमा अटल रहने, आफ्ना कमी कमजोरीहरूलाई मुल्याङ्कन गरी आफै निरूपण गर्ने हाम्रो संस्थागत चरित्र रही आएको छ । यही सत्चरित्र र सत्कर्मलाई निरन्तरता दिनु सबैको कर्तव्य भित्र पर्दछ ।*

## तालिमरत अधिकृत क्याडेटको दुखद् निधन

भक्तपुर, खरिपाटीस्थित सैनिक प्रतिष्ठानमा तालिमरत एक अधिकृत क्याडेटको यही असार ६ गते अपरान्ह पौडी पोखरीमा डुबेर असामयिक निधन भएको छ। तालिम तालिकाअनुरुप उक्त प्रतिष्ठान परिसरभित्र रहेको पौडी पोखरीमा भएको नियमित अभ्यासको क्रममा दोलखा, मिर्गे ४ स्थायी घरभएका अधिकृत क्याडेट हिराकाजी अधिकारी अचानक डुब्न गएकोमा प्रशिक्षकहरुले तत्काले पोखरीबाट बाहिर निकालेर प्राथमिक उपचारपछि निजलाई थप उपचारको लागि भक्तपुर जिल्ला अस्पताल पुऱ्याउँदा उक्त अस्पतालका चिकित्सकले निजलाई मृत घोषणा गरेका थिए।

निज अधिकृत क्याडेटको शवलाई सोही दिन मृतकको परिवारलाई बुझाई सकिएको छ । साथै उक्त घटना सम्बन्धि विस्तृत छानविन कार्य शुरु भइसकेको छ।

यस दुःखद र असामयिक घटनाले नेपाली सेनालाई मर्माहत पारेको छ। साथै यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त सम्पूर्ण परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी नेपाली सेना परमेश्वरसगं प्रार्थना गर्दछ।

## विष्फोटमा परी एक महिलाको मृत्यु

यही असार १० गते बिहान करिव ९ बजे, रोल्पा जिल्ला खुमेल गाउँ विकास समिति सातदोबाटोस्थित सैनिक सुरक्षा गुल्मको पेरिमिटर इलाकामा खराब मौसमको मौकाछोपी लुकिछिपि घाँस काट्न पेरिमिटरभित्र छिरेका स्थानीय महिलाहरुमध्ये एक महिलाको पेरिमिटर सुरक्षार्थ बिच्छ्याएको बिष्फोटक पदार्थ बिष्फोटनबाट दुःखद निधन भएको छ।

कुहिरो लागेको समयमा सुरक्षा वेशको पूर्वतर्फबाट अचानक बिष्फोटनको आवाज आएपछि उक्त इलाकामा खोजतलास गर्दा घाँस काट्न आएका केही महिलाहरु भागदौड गरिरहेको अवस्थामा भेटिएका थिए। निजहरुसँग सोधपुछ गर्दा खुमेल -५ चोरपानी निवासी अन्दाजी वर्ष ३९ की भुन्टी घर्ती मगर बिष्फोटनमा परेको जानकारी प्राप्त भएपछि निजलाई उद्धार गर्न उक्त स्थानमा जाँदा निज महिला मृत अवस्थामा फेला परेकी थिएन्। घाँस काट्न आएका अन्य महिलाहरु भने सकुशल रहेका छन्।

मुलुकभर तैनाथ संवेदनशील सैनिक सुरक्षा बेशहरुको सुरक्षार्थ हरेक पेरिमिटर इलाकामा बिष्फोटक पदार्थहरु बिच्छयाइएकोले पेरिमिटर भित्र जथाभावी र लुकिछिपि प्रवेश नगर्न बारम्बार स्थानीय प्रशासनिक निकायहरुमार्फत् स्थानीय बासिन्दालाई जानकारी गराउँदै आएको तथा बिष्फोटक पदार्थहरु रहेका सबै क्षेत्रहरुलाई टाढैबाट पहिचान गर्न सक्ने गरी घेरिनुका साथै सो इलाकाभित्र प्रवेश नगर्न घेराबाहिर सूचना टाँस गरी खतराका चिन्हहरुसमेत राखि आधारभूत सुरक्षाका उपायहरु अबलम्बन गर्दै आइरहेको अवस्थामा पनि घटेको यस घटनाले नेपाली सेनालाई दुखित तुल्याएको छ।

सो घटनामा परि दुःखद निधन भएकी घर्ती मगरको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी नेपाली सेना श्री परमेश्वरसँग प्रार्थना गर्दछ। साथै यस प्रकारका घटनाहरुलाई पुनःस्मरण गर्दै सुरक्षा बेशहरुको पेरिमिटर इलाकाभित्र जथाभावी तथा लुकिछिपि प्रवेश नगर्न आम जनसमुदायलाई नेपाली सेना पून: अनुरोध गर्दछ।

पृतनापति उपरथी श्री गौरव शम्सेर ज.ब.रा.को परिकल्पनामा

## ब्यारेक परिसरको खाली जग्गामा तरकारी खेती

### कृषि सीप विकासमा मद्दत

नेपाली सेना तैनाथ रहेको कतिपय युनिटको ब्यारेकहाताभित्र उर्वर जमीन त्यतिकै खेर गैरहेको पाईन्छ। यस्ता जग्गालाई समुचित सदुपयोग गर्नसकेको खण्डमा ब्यारेकका सकलदर्जालाई विभिन्न दृष्टिकोणबाट फाइदा पुग्न जाने देखिन्छ।

यसै यथार्थलाई मध्यनजर राखेर पोखराको विजयपुर ब्यारेकमा तैनाथ रहेको श्री पश्चिम पृतना हे.क्वा. ले आफ्नो परिसरको जग्गालाई सदुपयोग गरी आधुनिक पद्धतिअनुरुप गत पौष १ गतेबाट विभिन्न मौसम अनुसारका बन्दा, काउली, मुला, साग, लौका, घिरौला, करेला, सिमी, भन्टाजस्ता तरकारीहरु उत्पादन गर्न थालेको छ।



खेर गएको जमिन सदुपयोग गरी लगाइएको तरकारी खेतीको एक दृष्य

तरकारी उत्पादन संगसंगै सो पृतनाले कृषि विशेषज्ञलाई बोलाएर सकलदर्जालाई सम्मिलित गराई तरकारी खेती सम्बन्धि तालिम समेत दिन थालेको छ । कृषिप्रधान देश भएको हुदाँ अवकास पश्चात् सैनिकहरुलाई कृषि पेशामा संलग्न हुन सजिलो होस् भन्ने हेतुले यो कार्यको प्रारम्भ गरिएको पृतनाले जनाएको छ।

पृतनापति उपरथी श्री गौरव शम्सेर ज.ब.रा.को परिकल्पना अनुसार विजयपुर ब्यारेक हाताभित्र रहेका युनिटहरुका सकलदर्जालाई सरिक गराइएको समेत पृतनाले उल्लेख गरेको छ।

## वीर योद्धाहरुको सम्झनामा बास्केटबल कोर्ट निर्माण

श्री रुद्रध्वज गणले अफ्ना वीरगति प्राप्त वीर योद्धाहरुको सम्झनामा आफ्नै श्रोत र साधनबाट **'वीर रुद्र'** बास्केटबल कोर्टको निर्माण गरेको छ। उक्त बास्केट बल कोर्टको सो गणका कर्णेल कमाण्डाण्ट सहायक रथी श्री विकास विक्रम शाहले गत जेठ २८ गते विधिवतरुपमा उद्घाटन गर्नु भएको छ।

उक्त समारोहमा सहायक रथी श्री शाहले उक्त गणमा संचालन गरिएको सितेरियो कराँते फष्ट डानका ३८ जना शिक्षार्थीहरुलाई ब्ल्याक बेल्ट तथा प्रमाण पत्र प्रदान गर्नुभएको थियो। सोही अवसरमा श्री नं. ९ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी श्री सुन्दर पुडासैनीले सो खेलका सहायक प्रशिक्षकहरुलाई सितोरियो कराँते डो काभ्रेका प्रशिक्षक सन्त बहादुर तामाङ्ग (विजय लामा) र नेपाल सितोरियो कराँते संघका अध्यक्ष केदार बाबु शिवाकोटीलाई प्रशंसा पत्र प्रदान गर्नुभएको थियो।

जनहित कार्य

## खानेपानी आयोजनालाई श्रमदान तथा आर्थिक सहयोग

श्री नं १९ बाहिनी अड्डा अन्तर्गत रहेको श्री सवुज गणले आफ्नो जिम्मेवारी क्षेत्र भित्र पर्ने सल्यान जिल्ला धनबाङ्ग गाँउ विकास समिति वडा नं १ मा स्थानीय जनताहरुले प्रयोग गर्ने खानेपानी ट्याङ्गी निर्माण कार्यमा श्रमदान गरेको छ।

स्थानीय तेरसी खानेपानी निर्माण समितिबाट सो गणसंग सहयोग माग गरेकोले यही असार ६ गतेबाट ९ गतेसम्म सो गणको कपूर कोटस्थित ख गुल्मबाट गएका सैनिक जवानहरुले श्रमदान गरेका थिए ।

यसैबीच, श्री सवुज गणले आफ्नो आन्तरिक श्रोतबाट सो खानेपानी ट्याङ्गी निर्माणका लागि आर्थिक सहयोगस्वरुप नगद रु ७ हजार प्रदान गरेको छ । उक्त रकम यही असार १० गते सवुज गणका गणपति प्रमुख सेनानी श्री टुक बहादुर मल्ले स्थानीय जनताहरुको उपस्थितिमा खानेपानी समितिका अध्यक्षलाई हस्तान्तरण गर्नुभएको थियो।

## नि:शुल्क औषधोपचार

उच्च शिखर शिक्षालयमा संचालन भएको सि.सं. ३६ HA. A तथा माउण्टेन वारफेयर बेशिक तालिमको मध्यवाधि बाहिरी अभ्यासको कार्यक्रम अनुसार मुक्तिनाथबाट यही असार ४ गते फर्कने क्रममा शिक्षार्थीहरूले बाटोमा पर्ने मुक्तिनाथ ईलाका तथा आसपासका पाटीपौवा आदिको सरसफाइ गर्नुका साथै अभ्यास टोलीसंग रहनुभएका डाक्टर अधिकृतबाट स्थानीय बासिन्दाहरूलाई स्वास्थ्य जाँच गरी आवश्यक औषधीसमेत वितरण गरिएको छ।

# प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवाल श्री सूर्यदल गणको वार्षिकोत्सवमा सहभागी

प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवाल यही असार ६ गते श्री सूर्यदल गणको १६३ औं वार्षिकोत्सवको अवसरमा आयोजित साँस्कृतिक कार्यक्रममा सहभागी हुनुभयो। सो अवसरमा उहाँले गणका अधिकृत, पदिकको परिचय लिनुभई अन्तर गुल्म विविध खेलकुद प्रतियोगिताहरुमा प्रथम हुने गुल्मलाई शिल्ड प्रदान गर्नुभयो। साथै प्रधान सेनापति श्री कटवालले पाहुना खेल तथा बाल खेलहरुमा विजयी हुने खेलाडीहरु, साँस्कृतिक कार्यक्रमका सहभागीहरु तथा व्याण्ड गुल्मलाई समेत पुरस्कार प्रदान गर्नुभएको थियो।



प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवाल श्री सूर्यदल गण अन्तरगुल्म प्रतियोगितामा प्रथम हुने गुल्मका गुल्मपतिलाई ट्रफी प्रदान गर्नुहुँदै।

सोही दिन वार्षिकोत्सवको उपलक्ष्यमा सो गणका कर्णेल कमाण्डान्ट सहायक रथी श्री कुमार बुढाथोकीले विधिवत रुपमा निशानको पूजा अर्चना गर्नुकासाथै गुल्मले प्रस्तुत गरेको मार्च पासको सलामी ग्रहण गर्नुभएको थियो। साथै उहाँले वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको विभिन्न खेलकूद तथा अन्य मनोरञ्जनात्मक खेलकूद प्रतियोगिताहरुमा विजयी हुने खेलाडीहरुलाई पुरस्कार प्रदान गर्नुभएको थियो।

वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित साँस्कृतिक कार्यक्रममा रथीवृन्द, सेनानी समूह, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा प्रमुखहरु तथा गणका सकलदर्जा र तीनका परिवारहरुको समेत उपस्थिति रहेको थियो।

## श्री शम्सेर दल गण

श्री शम्शेर दल गणले यही असार १२ गते आफ्नो स्थापनाको १६५ औं वार्षिकोत्सव भव्यताकासाथ मनाएको छ। वार्षिकोत्सवको उपलक्ष्यमा सो गणका गणपति प्रमुख सेनानी श्री उदय कार्कीले विधिवत् रुपमा पूजा अर्चना गर्नुभई गण हाताभित्र रहेको शहीद स्मारिकामा पुष्पहार चढाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

वार्षिकोत्सवको अवसरमा सो गणले श्री सुदुर पशिचम पृतनाका पृतनापति उपरथी श्री नेपाल भूषण चन्दको प्रमुख आतिथ्यमा यही असार १४ गते साँझ साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रम आयोजना गरेको थियो। सो अवसरमा उहाँले च्याम्पियन गुल्मलाई च्याम्पियन शिल्ड प्रदान गर्नुसाथै अन्य अतिथिहरुले विभिन्न खेलकूद प्रतियोगिताहरु अन्तर्गत १ माईल दौड, तान डोरी, फुटबल, भलिबल, वास्केटबल तथा अव्स्ट्याकलमा विजयी हुने टीम तथा खेलाडीहरुलाई पुरस्कार एवं पदक प्रदान गर्नुभएको थियो। साथै सो गणले वार्षिकोत्सवकै अवसरमा यही असार १३ गते साँझ आयोजित साँस्कृतिक कार्यक्रममा श्री सुदुर पशिचम पृतनाका चिफ अफ स्टाफ सहायक रथी श्री अजित सिंह ठकुरी प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। उक्त कार्यक्रमहरुमा सुदुर पशिचमका निमित्त क्षेत्रीय प्रशासक, डोटी र डँडेल्धुरा जिल्लाका माननीय न्यायधिशज्यूहरु, प्रमुख जिल्ला अधिकारीहरु, सुरक्षा प्रमुखहरुकासाथै नागरिक समाजका व्यक्तिहरु तथा गणका सकलदर्जा र तीनका परिवारजनको समेत उपस्थिति रहेको थियो।

वार्षिकोत्सको अवसर पारेर यही असार ११ गते गणपति प्रमुख सेनानी श्री कार्की तथा गणका सकलदर्जाद्वारा अमरगढी नगरपालिका, पोखरास्थित उग्रतारा देवीको मन्दिर परिसरमा वृक्षारोपण गर्नुकासाथै भागेश्वर मन्दिरमा सरसफाई गरिएको थियो। साथै उक्त गणले वार्षिकोत्सवको अवसरमा अन्तर गुल्म विविध खेलकूद प्रतियोगिताहरु समेत आयोजना गरेको थियो।

**"कर्म नै धर्म हो"** हो भन्ने आदर्श वाक्य रहेको सो गणको स्थापना वि.सं. १९०१ साल असार १२ गते भएको हो।

## श्री नयाँ सबुज गण

**"मेरो स्वर्ग मेरो नेपाल"** भन्ने आदर्श वाक्य रहेको श्री नयां सबुज गणले गत जेठ २८ गते आफ्नो स्थापनाको २०२ औं बार्षिकोत्सव विविध कार्यक्रमहरूको आयोजना गरी भव्यताकासाथ मनाएको छ। महोत्तरी जिल्लाको परकौलीमा तैनाथ रहेको उक्त गणका सकलदर्जालाई बार्षिकोत्सवको उपलक्ष्यमा प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवालले एक सन्देश पठाउनुभई शुभकामना दिनुभएको छ। साथै वार्षिकोत्सवको उपलक्ष्यमा नै सो गणका कर्णेल कमाडाण्ट मध्य पशिचम पृतनापति उपरथी श्री अनन्त बहादुर थेवे, मध्य पृतनापति उपरथी श्री तोरण जंग बहादुर सिंह, श्री नं. ९ बाहिनीपति सहायक रथी श्री सुन्दर पुडासैनी लगायत उच्च अधिकृतहरूले सो गण तथा गण परिवारको उत्तरोत्तर प्रगतिको कामना गरी शुभकामना सन्देशहरू पठाउनु भएको थियो। बार्षिकोत्सवको अवसरमा गणका गणपति प्रमुख सेनानी श्री उत्तम रूपाखेतीले निशान भगवतीको विधिवत् पूजा अर्चना गर्नुभई झण्डोत्तोलन समेत गर्नु भएको थियो।

बार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा महोत्तरी तथा धनुषा जिल्लाका माननीय न्यायधिशहरू, प्रमुख जिल्ला अधिकारीहरू, अन्य सुरक्षा निकायका प्रमुखहरू, जिल्लाका अन्य सरकारी कार्यालय प्रमुखहरू, बुद्धिजीवी वर्ग, सकल दर्जा तथा तिनका परिवारजनको उपस्थिति रहेको थियो। उक्त दिन सो गणले **'नयां सबुज सांस्कृतिक सांझ'** को समेत आयोजना गरेको थियो।

**श्री नयाँ सबुज गणको संक्षिप्त ईतिहास**

नेपाल एकिकरणको अभियानसंगै १८६३ साल असोज ७ गते श्री नयाँ सबुज कम्पनीको नामबाट खडा भएको उक्त कम्पनीको पहिलो कम्पनी कमाण्डर बडाकाजी अमरसिंह थापा थिए। एकिकरण अभियानपश्चात खारेजीमा परेको यसै कम्पनीको नामबाट पुनः वि.सं. २०६३ जेठ २८ गते श्री नयां सबुज गण स्थापितभई महोत्तरी जिल्लाको परिकौली व्यारेकमा एकत्रित भएको थियो।

नेपाली सेनाका विभिन्न सैनिक व्यारेकहरूमा छरिएर रहेका केही तराइमुलका ४० किसिमका आदिवासी तथा जनजातिहरू एकत्रित गरी तराइवासीको पहिचान हुने गरी समावेसी प्रकारको छुट्टै पदिक गण (Infantry Bn) स्थापना गर्ने अवधारणाअनुरूप यो गण एकत्रित भएको हो।

# सैनिक संग्रहालय सर्वसाधारणका लागि खुल्ला

नेपाली सेनाका विविध गतिविधि तथा युद्ध सम्बन्धी विभिन्न ऐतिहासिक वस्तुहरू संग्रह गरिएको काठमाण्डौंको छाउनीस्थित श्री सैनिक संग्रहालय सैनिक तथा सर्वसाधारण व्यक्तिहरूका लागि तोकिएको दस्तुर तिरी अवलोकन गर्न पाउने व्यवस्था गरिएको छ।

***नेपाली दर्शकहरूको लागि रू ५, नेपाली विद्यार्थी १६ बर्षभन्दा भन्दा कम उमेरकाहरूको लागि रू २, सार्क देशका दर्शकहरूको लागि रू १०, अन्य विदेशी दर्शकहरूको लागि रू ५०, साधारण क्यामरा नेपालीलाई रू २०, मुभी क्यामरा नेपालीलाई रू ५०, साधारण क्यामरा विदेशीको लागि रू ५०, मुभी क्यामरा विदेशीको लागि रू १०० तोकिएको छ। यसैगरी शुक्रबार र शनिबार १६ बर्षभन्दा कम उमेरका विद्यार्थीहरूको लागि निःशुल्क प्रवेश दिईने छभने नेपाली सेनाका सकलदर्जालाई समेत साविक बमोजिम दस्तुर लाग्ने छ।***

हरेक हप्ताको मंगलबार बन्द रहने उक्त संग्रहालय गर्मी मौसम (फागुन महिनादेखि कार्तिकसम्म) बिहान १० बजेबाट दिउँसो ४ बजेसम्म र जाडो मौसम (मंसिर, पुस र माघ महिना) मा बिहान १० बजेबाट दिउँसो ३ बजेसम्म खुल्ला रहनेछ।

यसैगरी उक्त संग्रहालय गर्मी मौसम फागुनदेखि कार्तिकसम्मको हरेक सोमबार विहान १० बजेबाट दिउँसो २ बजेसम्म र जाडो मौसम (मंसीर, पुस र माघ) महिनाको सोमबार भने विहान १० बजे खुल्लाभई दिउँसो १ बजे बन्द हुने छ।

# एस.एल.सी. परीक्षामा उत्साहजनक उपलब्धि

## सैनिक शिक्षा निर्देशनालयको प्रयास सफल

छाउनीस्थित श्री सैनिक शिक्षण पक्षमा संचालन भएको सि.सं. ७६ आर्मी फष्ट क्लास रेगुलर तालिममा सरिकभई २०६४ सालको एस.एल.सी. परीक्षामा सम्मिलित भएका २८ जना शिक्षाथीहरुमध्ये १२ जना प्रथम श्रेणीमा, १५ जना द्वितीय श्रेणीमा उत्तिर्ण हुन सफल भएका छन्। सो परीक्षामा सरिक विद्यार्थीमध्ये १ जना मात्र अनुत्तीर्ण भएको श्री सैनिक शिक्षा निर्देशनालयले जनाएको छ।

# कर्मचारी संचयकोष सम्बन्धी तालिम

## सुर्खेतस्थित कर्मचारी संचय कोष शाखा कार्यालयको अनुकरणीय कार्य

श्री मध्य पश्चिम पृतना हे.क्वा. लगायत अन्तर्गतका बाहिनी तथा गण गुल्म र व्याट्रिहरुमा लेखामा कार्यरत अधिकृत पदिक तथा विल्लादार कर्मचारीहरुलाई संचयकोषको सेवा सुविधा र कोष कट्टि सम्बन्धमा सुर्खेतस्थित कर्मचारी संचय कोष शाखा कार्यालयले अन्तरकृया कार्यक्रम गराएको छ। सो अनुसार पहिलो चरणको अन्तरकृयामा यही असार ४ गते सुर्खेत जिल्लास्थित मंगलगढी व्यारेकमा पृतना हे.क्वा. र अन्तर्गतका सुर्खेत, दैलेख जिल्लाका गण/गुल्म/व्याट्रीहरुको लेखामा कार्यरत अधिकृत पदिक र बिल्लादार कर्मचारीहरुको साथै अन्य अधिकृतहरु समेत गरी जम्मा ३२ जनाको सहभागीता रहेको थियो।

# निमित्त पृतनापतिबाट श्री गुरू गोरख गुल्मको निरीक्षण

गत जेठ २३ गते श्री पूर्वी पृतना हे.क्वा.का निमित्त पृतनापति सहायक रथी श्री राम बहादुर गुरुङ्गले सोलुखुम्वु जिल्लास्थित श्री गुरु गोरख गुल्मको निरीक्षण गर्नुभई सो गुल्मको जिम्मेवारी क्षेत्रको वस्तुस्थितिको बारेमा जानकारी लिनुभयो।

सो निरीक्षणका क्रममा सहायक रथी श्री गुरुङ्गले गुल्म हाताभित्र जवानहरुको प्रयोगको निमित्त निर्माण भएको ५ कोठे पक्की बाथरुम तथा ट्वाईलेटको समेत उद्घाटन गर्नुभएको थियो। उक्त भवनको उद्घाटन पश्चात गुल्मका सकलदर्जालाई सम्बोधन गर्नुहुंदै निमित्त पृतनापति श्री गुरुङ्गले वर्तमान स्थितिमा नेपाली सेनाले निर्वाह गर्नुपर्ने भूमिका तथा सेनाको काम, कर्तव्य, दायित्व, तालिम र पेरिमिटर सुरक्षा लगायतका विषयमा मार्गदर्शन गराउनु भयो। साथै सम्बोधनको क्रममा उहाँले नेपाली सेना राष्ट्रिय सेना भएकोले यसलाई व्यवसायिक सेनाकोरुपमा स्थापित गरी देश र जनताको सेवामा सदा तल्लीन रही जनताको सुख दुःखमा हातेमालो गर्दै अगाडी बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

# प्राविधिक अधिकृत आधार तालिमको समापन

सैनिक प्रतिष्ठान, भक्तपुरमा गत फागुन २६ गतेबाट संचालन भएको सि.सं. ७ प्राविधिक अधिकृत आधार तालिमको यही असार ९ गते श्री सैनिक विनय महानिर्देशक उपरथी श्री वज्र गुरुङ्गले एक कार्यक्रमकाबीच समापन गर्नुभएको छ।

३० जना शिक्षार्थी अधिकृत सरिक हुनुभएको सो तालिमको समापनका क्रममा शिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुँदै उपरथी श्री बज्र गुरुङ्गले तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा बधाई दिदैं सो तालिममा महिला प्राविधिक अधिकृतहरुले पनि पुरुषसरह तालिमका सम्पूर्ण विधामा सहभागी भएकोमा खुशी प्रकट गर्नुभयो।

साथै उहाँले देश र जनताको मान, प्रतिष्ठा, सुरक्षा तथा सम्मानका खातिर आफ्नो जीवन बलिदान गर्ने अठोटकासाथ नेपाली सेनामा प्रवेश गरेकोमा सबैको उज्वल भविष्य एवं उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो।

## सच्याइएको

गताङ्क १ असारमा प्रकाशित स्वर्ण महोत्सव विशेषाङ्कको पहिलो पृष्ठ विश्व शान्ति अभियानमा नेपाली सेनाको ५० औं वर्ष शीर्षकको समाचारको तेश्रो अनुच्छेदमा पूर्व फोर्स कमाण्डरहरु सेवा निवृत रथी श्री कृष्ण नारायण सिंह थापा (UNIKOM), सेवा निवृत रथी श्री भिक्ट्री राणा (UNFICYP) हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

***-सम्पादक***

# पृतनापति ट्रफी प्रतियोगिताहरू सम्पन्न

जवानहरुमा खेलप्रतिको भावना जागरुक गराउन, शारीरिक तन्दुरुस्ती, अनुशासन र आपसी सहयोग अभिवृद्धि गर्ने अभिप्रायले पृतनास्तरमा पृतनापति ट्रफी प्रतियोगिताहरु भइरहेका छन्। यसै सीलसीलामा निकट भविष्यमा प्रधान सेनापति कप प्रतियोगिता सन्चालन गर्ने योजना रहेको छ।

***श्री पश्चिम पृतना हे.क्वा.***
***नं. २२ वाहिनी अड्डा प्रथम***

श्री पश्चिम पृतना हे.क्वा. ले कास्की जिल्ला खेलकुद विकास समितिसंग समन्वय गरी पोखरा


सामूहिक फोटो खिचाउँदै नं. २२ वाहिनी अड्डाका खेलाडीहरू

रंगशालामा संचालन गरिएको पृतनापति ट्रफि प्रतियोगिताअन्तर्गत एथ्लेटिक्स तर्फको २२ वटा ईभेन्टहरुको यही असार ८ गते सो पृतनाका सहायक रथी श्री हेम खत्रीले एक कार्यक्रमकाबीच समापन गर्नुभएको छ।

श्री नं. ३, २२ र २३ बाहिनी अड्डा तथा पृतनाअन्तर्गतका युनिटहरु संलग्न गरी खेलाईएको सो प्रतियागितामा नं. २२ बाहिनी अड्डा प्रथम, नं. ३ बाहिनी अड्डा द्वितीय र नं. २३ बाहिनी अड्डा तृतीय भएका छन्।

उक्त प्रतियोगिताको फाईनल खेल सम्पन्न भएपछि सहायक रथी श्री खत्रीले प्रथम हुने नं. २२ बाहिनी अड्डालाई ट्रफी तथा खसी पुरस्कार प्रदान गर्नु भएको थियो। साथै उहाँले प्रत्येक ईभेन्टका विजयी खेलाडीहरुलाई प्रशंसा पत्र र प्रतियोगिता सफलताका साथ सम्पन्न गर्न सहयोग गर्ने खेलाडी टोली तथा व्यवस्थापन टोलीलाई धन्यवाद ज्ञापन गर्नुहुँदै पृतनापति ट्रफी समापन भएको घोषणा गर्नुभएको थियो।

***श्री सुदुर पश्चिम पृतना***
***शम्सेर दल गण प्रथम***

श्री नं. ५ वाहिनी अड्डा र श्री नं. २५ वाहिनी अड्डामा संचालन भएको सुदुर पश्चिम पृतनापति ट्रफी प्रतियोगिता यही असार २ गते सम्पन्न भएको छ।

सुदुर पश्चिम पृतनाका पृतनापति उपरथी श्री नेपाल भुषण चन्दले यही असार २ गते श्री नं. ५ वाहिनी अड्डामा आयोजना गरिएको एक विशेष कार्यक्रमकाबीच उक्त प्रतियोगिताको समापन गरी सर्वप्रथम हुने श्री शम्सेरदल गणलाई रनिङ्ग शिल्ड ट्रफी तथा नगद पुरस्कार प्रदान गर्नुका साथै खेल संचालनमा सहयोग पुऱ्याउने व्यक्तिहरुलाई प्रशंसा पत्र प्रदान गर्नुभएको थियो।

फुटवल, भलिवल, वास्केटवल र एथलेटिक्स खेलहरु समावेश गरिएको उक्त प्रतियोगितामा श्री नं ५ बाहिनी अड्डा र श्री नं २५ बाहिनी अड्डा अन्तर्गतका श्री शम्सेरदल गण, श्री बरख गण, श्री ज्वालादल गण, श्री चण्डीदल गण र श्री भीमदल गणले भाग लिएका थिए।

सो प्रतियोगिताको समापन समारोहमा सुदूरपश्चिमाञ्चल क्षेत्रका निमित्त क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रहरी प्रमुखहरु, प्रमुख जिल्ला अधिकारीका साथै कैलाली तथा कञ्चनपुर जिल्लाका नेपाली सैनिक र सशस्त्र प्रहरीबलका अधिकृतहरुका साथै क्षेत्रीय खेलकुद विकास समिति, सुदूर पश्चिमाञ्चल क्षेत्रका अध्यक्ष, उद्योग वाणिज्य संघ, कैलालीका अध्यक्ष र सुदूर पश्चिमाञ्चल यातायात व्यवसायी संघका अध्यक्ष र अन्य उद्योगी, व्यवसायी तथा खेलकुदसंग सम्वन्धित व्यक्तिहरुकोसमेत उपस्थिति रहेको थियो।

***श्री पूर्वी पृतना हे.क्वा.***
***नं. २ वाहिनी अड्डा प्रथम***

गत बैशाख २४ गतेबाट ईटहरीस्थित श्री पूर्वी पृतना हे.क्वा.मा संचालन भएको पृतनापति ट्रफी प्रतियोगिताको यही असार ३ गते उक्त पृतनाका निमित्त पृतनापति सहायक रथी श्री राम बहादुर गुरुङ्गले समापन गर्नुभई प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई पदक, प्रमाण पत्र तथा नगद पुरस्कार वितरण गर्नुभएको छ।

सो प्रतियोगिताको फुटबल तथा भलिबल खेलमा श्री नं. १८ वाहिनी अड्डा ए टिम प्रथम भएको थियो भने बास्केटबल खेलमा श्री नं. २ बाहिनी अड्डाको बि टिम प्रथम भएको थियो। त्यसैगरी एथलेटिक्स खेलमा श्री नं. २१ बाहिनी अड्डा प्रथम भएको छ भने समग्र खेलतर्फ श्री नं. २ बाहिनी अड्डाले विजय हासिल गरी पृतनापति ट्रफी हात पारेको छ।

सो पृतना अन्तर्गतका बाहिनी, गण, गुल्मका खेलाडीहरु समावेश गरी नं. २, १८ र २१ वाहिनी अड्डाको तर्फबाट २/२ वटा टिम र पृतना हे.क्वा. तथा मद्दती युनिटहरुबाट १ टिमसहित ७ वटा टिम सहभागी रहेको सो प्रतियोगितामा भलिबल, बास्केटबल, एथलेटिक्स तथा फुटबल खेल समावेस गरिएका थिए।

***श्री उपत्यका पृतना हे.क्वा.***
***नं. २६ वाहिनी अड्डा प्रथम***

उपत्यका पृतनापति ट्रफी खेलकुद प्रतियोगिता अन्तर्गत सिग्नल निर्देशनालयद्वारा दशरथ रंगशालामा संचालन गरिएको ट्र्याक एण्ड फिल्ड ईभेन्ट्सको उपत्यका पृतनाका निमित्त पृतनापति सहायक रथी श्री राजु प्रताप के.सीले गत जेठ ३१ गते एक समारोहकाबीच समापन गर्नुभयो।

सो प्रतियोगितामा नं. २६ बाहिनी अड्डा प्रथम, नं. १ बाहिनी अड्डा द्वितीय र नं. १० वाहिनी अड्डा तृतीय भएका छन् भने खेलाडी तर्फ १०० मिटर र २०० मिटर दौडमा श्री नं. २६ वाहिनी अड्डाका अम पुर्ण गौतम प्रथम, ४०० र ८०० मिटर दौडतर्फ श्री आर्टिलरी निर्देशनालयका प्युठ प्रताप चन्द प्रथम, ११० हर्डल्सतर्फ श्री नं. २६ वाहिनी अड्डाका हु योगेन्द्र धिमाल र १५०० मिटर दौडतर्फ श्री नं. १ वाहिनी अड्डाका प्युठ राजकुमार विष्ट प्रथम हुनु भएको छ।

यसैगरी, उक्त ट्रफी अन्तर्गतको फिल्ड ईभेन्ट्स प्रतियोगिताको यही असार २ गते सहायक रथी श्री के.सी.ले दशरथ रंगशालामा आयोजित एक कार्यक्रमकाबीच पुरस्कार वितरण गरी समापन गर्नुभएको छ।


उपत्यका पृतनापति ट्रफी प्रतियोगिता अन्तर्गत दौड प्रतियोगितामा भाग लिँदै धावकहरू

# सैनिक कर्मचारीहरूबीच फुटबल खेल

श्री कार्यरथी विभागको सक्रियतामा जंगी अड्डा र वरिपरिका युनिटहरूका सैनिक कर्मचारीहरूबीच जंगी अड्डा अगाडिको खेल मैदानमा यही असार ५ गते मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भयो। मध्यान्हपछिको ३८ औं मिनेटमा सु.क. टिमका हु.क. प्रभु भण्डारीले १ गोल गरेपछि खेल बरावरी भयो ,त्यसपछि खेल भनै प्रतिस्पर्धात्मक भएको थियो। निर्धारित समयसम्म पनि खेल बराबरी नै


कार्यरथी उपरथी श्री नेत्रबहादुर थापा सैनिक कर्मचारीहरूबीच भएको फुटबल खेलको एम्पाएरिङ्ग गर्दै।

सुवेदार कर्मचारी तथा हुद्दा कर्मचारी र जमदार कर्मचारी तथा अमल्दार कर्मचारीबीच सो दिन अपरान्ह भएको खेलमा निर्धारित समयमा दुबैतर्फबाट १/१ गोलले बरावर भएपछि ट्राईब्रेकर मा सुवेदार कर्मचारी तथा हुद्दा कर्मचारीको टीमले जम.क. तथा अ.क. को टीमलाई शुन्यका विरूद्ध ३ गोलले पराजित गरी विजयी भएको छ। विजयी टिमलाई प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवालले पुरस्कारस्वरूप एउटा खसी प्रदान भएको थियो।

उक्त खेलको एम्पायर कार्यरथी उपरथी श्री नेत्र बहादुर थापाले गर्नुभएको थियो। निकै नै रोमाञ्चक रहेको उक्त खेल हेर्न वलाधिकृत रथी श्री अमर पन्तका साथै रथीवृन्द, सेनानी समुह तथा जंगी अड्डाका सकल दर्जाको उपस्थिति रहेको थियो।

उक्त खेलमा मध्यान्ह अगाडि खेल प्रारम्भ भएको १० मिनेटमै जम.क. टीमका जम.क. पुरूषोत्तम कार्कीले एक गोल गरेका थिए भने भएकोले ट्राईब्रेकरमा सु.क. टीमले ३ गोल गऱ्यो भने जम.क. टिमले शुन्य मै चित्त बुझाउनु पऱ्यो।

सैनिक कर्मचारीहरूबीच मात्र फुटवल खेलिएको संस्थागत स्मृतिमा छैन। तथापि खासगरी टेबल कार्य गर्ने कर्मचारीहरूबीच पहिलो पटक भएको यो खेल प्रतिस्पर्धात्मक थियो र दर्शक सबैले रमाईलो मानेका थिए। नेपाली फुटवल जगतका प्रख्यात खेलाडी तथा एन्फाका अध्यक्ष गणेश थापालेसमेत खेल स्तरीय र रमाईलो भएको टिप्पणी गर्नुभएको थियो। यसैगरी यही असार १३ गते श्री कार्यरथी विभाग र श्री सैनिक जनसम्पर्क निर्देशनालय तथा मनोवैज्ञानिक कार्य महाशाखाको संयुक्त टिमबीच सोही खेल मैदानमा सम्पन्न भएको मैत्रीपूर्ण फुटवल खेलमा कार्यरथी विभाग १ का विरुद्ध २ गोलले विजयी भएको छ।

उक्त खेल हेर्न प्रधान सेनापति महारथी श्री रूकमाङ्गद कटवाल लगायत जङ्गी अड्डाका रथीवृन्द, सेनानी समूह तथा अन्य दर्जाकोसमेत उल्लेख्य उपस्थिति रहेको थियो।

# United Nations Peace Support Operations Instructor Course (UNPSOIC) तालिम शुभारम्भ

पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सञ्चालन भएको United Nations Peace Support Operations Instructer Course (UNPSOIC) तालिमको श्री शान्ति


शान्ति सेना सञ्चालन निर्देशक सहायक रथी श्री यमबहादुर थापा शिक्षार्थीहरूलाई सम्बोधन गर्नुहुँदै।

सेना सञ्चालन निर्देशक सहायक रथी श्री यम बहादुर थापाले यही असार ९ गते एक समारोहकावीच प्रथम प्रवचन दिनुभइ शुभारम्भ गर्नुभयो।

Global Peace Operations Initiative (GPOI) द्वारा नेपाली सेनाका अधिकृतहरुको लागि सञ्चालन गरिएको सो तालिममा सेनानी २१ जना र सह-सेनानी ४ जना गरी २५ जना शिक्षार्थीहरुको सहभागिता रहेको छ।

# नयाँ श्रीनाथ गणको प्रशंसनीय कार्य

***जमदार ईश्वर बस्नेतलाइ गणको प्राइभेट फण्डबाट नगद रु १ लाख ७० हजार प्रदान***

सिन्धुपाल्चोकस्थित श्री नयाँ श्रीनाथ गणले आफ्नो आन्तरिक साधन र स्रोतबाट २ कोठे पक्की बंकरको निर्माण गरेको छ। नवनिर्मित सो बंकर घरको यही असार ६ गते श्री नं. ९ वाहिनी अड्डाका बाहिनीपति सहायक रथी श्री सुन्दर पुडासैनीले एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभयो।

उद्घाटन पश्चात् सहायक रथी श्री पुडासैनीले सैनिक कारवाहीको सिलसिलामा वि.सं. २०६० साल साउन २६ गते एम्वुसमा परी बाँया खुट्टा गुमाएका सो गणका जमदार ईश्वर बस्नेतलाई बहादुरीको कदर स्वरुप गणको प्राइभेट फण्डबाट नगद रु १ लाख ७० हजार समेत हस्तान्तरण गर्नुभएको थियो।

यसैबीच, स.र. श्री पुडासैनीले सो गण हे.क्वा तथा अन्तर्गतका सुरक्षा गुल्म मेलम्ची, लामासाँघु र सुरक्षा से.मु ड्यामसाईटको निरीक्षण गर्नुभई त्यहाँ कार्यरत सकलदर्जाहरुलाई सम्बोधन गर्दै जनतासंगको सुमधुर सम्बन्धलाई विस्तार गर्न आग्रह गर्नुभएको थियो।